# SANDHURST'S PRIDE

## स्यान्डहर्स्टको गौरवः

## गर्व गर्नुस् स्यान्डहर्स्टमा

(अहिलेसम्मको कथा)

Sandhurst Town Council

Council Offices
Sandhurst Memorial Park
Yorktown Road
Sandhurst
Berkshire
GU47 9BJ

Telephone: 01252 879060

EMAIL: stc@sandhurst.gov.uk
RRR@sandhurst.gov.uk

Facebook: RRR Sandhurst

### स्यान्डहर्स्ट टाऊन परिषद अफिस (Sandhurst Town Council Office)

खुल्ने समयः ०९:०० देखि १७:०० सम्म



क्रिष स्मिथ्
कार्यपालिका अधिकृत



लेज्ली डार्टमाउथ
कार्यपालिका साहयक अधिकृत



वेन्डी डिक्सन
प्रशासन

SANDHURST PRIDE

Respect Responsibility Rights SANDHURST

QUALITY TOWN COUNCIL

## स्यान्डहर्स्ट टाऊन परिषद (Sandhurst Town Council)

स्यान्डहर्स्ट टाऊन परिषद १८९४ मा स्थापना भएको हो र स्थानिय सरकारको पहिलो हिस्साको रुपमा जनताको प्रतिनिधिको रुपमा नजिक छ। स्थानिय संघसंस्था (Resident's association) , बेकेनल फरेष्ट काउन्सिल र विभिन्न संघसंस्थाहरुसंग स्यान्डहर्स्ट टाऊन परिषद (Sandhurst Town Council) सहकार्य गर्दै काम गर्दछ।
हाम्रो २०११/१२ को लागि लगानी ५६१, ६४६ रहेको छ जुन लगानी बार्षिक रुपमा प्रत्येक व्यान्ड डि (Band D) सम्पत्तिसँग भाग गरेर £७०.४७ मा आइपुग्छ।
परिषदको स्वामित्व र व्यवस्थापनमा भित्र रहेका ओलस्मुर (Owlsmoor) को जग्गा तथा सुविधाहरु स्याण्डहर्स्ट स्मारक पार्क र त्यसै गरी सेफर्ड मिडोज (shepherd meddows) पनि हरिया झण्डाको श्रेणी भित्र पर्छ।
नगर परिषदको अरु मुख्य सेवाहरुमा Other key services; The Town Council,

- सुचनाको लागि सुचना गृहको स्थापना
- सामुदायिक हल कम्पेल्कसको व्यवस्थापन
- प्रहरी केन्द्रको व्यवस्थापन
- खेल क्षेत्र -(पिच) pitch किन्ने र व्यवस्थापन गर्ने
- सरसफाई टीमलाई रोजगार दिने।
- वातावरणीय वृक्षारोपण तथा पूर्नप्रयोग क्षेत्रका व्यवस्थापन
- स्थानिय क्रियाकलापको सहजीकरण।
- खेल क्षेत्र र टेनिस/बास्केटबल/मुगा (MUGA) कोर्ट प्रदान गर्ने।
- स्थानिय खेल केन्द्रलाई आर्थिक सहयोग।
- स्यान्हर्स्ट डे सेन्टरलाई आर्थि सहयोग।
- यूवाका सेवाहरुमा आर्थिक सहयोग।
- कफी केन्द्रको व्यवस्थापन।
- संचार संजाल प्रदान गर्ने।

हाल केही वर्षदेखि स्यान्डहर्स्ट टाऊन काउन्सिलले संचालन गरेका केही सार्वजनिक परामर्श अभ्यासहरु मध्येको एक कक्षाबाट स्यान्डहर्स्ट गर्व (प्राईड) Pride ले यो उचाई प्राप्त गरेको हो ।

स्यान्डहर्स्टलाई अझ राम्रो ठाउँ बनाउन यदि एउटा चीजमा परिवर्तन गर्नुपरे त्यो के हुन्थ्यो ? यो जब १९९९ मा अन्य प्रश्नहरुमध्ये यो प्रश्न सोधिए, निवासी/बासिन्दाहरुले यसको कसरी शुभारम्भ होला, कहिले कल्पना पनि गरेका थिएनन् ।

सर्वेक्षणबाट आएका प्रक्रियाले यो अभियानलाई सहयोग गरेको छ, सन् २००० सालबाटै संस्कृति र काउन्सिल ब्राण्डमा विकसित भयो ।

एक स्वच्छ, सुरक्षित अनि हरियाली समुदाय, यही हो बासिन्दाको चाहना, जुन चाहना पूरा गर्न "टाउन काउन्सिल (नगर परिषद्) को एउटै प्रयास रहेको छ ।

हाम्रो पहल, हाम्रो आफनै सर सफाई टोली उन्नति थियो ।

दुई जना अस्थायी सरसफाई कर्मचारीहरु, जो स्यान्टहर्स्टको प्रधान प्राधिकरण सडकको सफाई ठेकेदारको रुपमा कार्यरत छन् । स्थानीय रुपले आधारित व्यवसाय भाग, प्रायोजक, आपरेशन र नगर परिषद (टाउन काउन्सिल) Town Council ले फोहोर मैलासँग सम्बन्धित चेतनाका लागि योजनाहरु पनि ल्याएको छ । अहिले स्यान्डर्स्ट गर्व (प्राइड) Pride को ला्गो प्रदर्शन गर्न स्कूल र पसलहरुसँग राम्रो तालमेल छ ।

ब्रान्डको छवि विज्ञापन गर्नको लागि निवासीहरुको लागि कार स्टिकर पनि राखिएका छन् ।

टाउन परिषद् (टाउन काउन्सिल) Town Council र  नागरिकको गर्व (सिभिइक प्राइड) Civic Pride को तह (लक्षित बयान) (मिशन् स्टेटमेन्ट), दस्तावेज नीतिभित्र निहीत छ, जहाँ भनिएको छ "स्यान्डहर्स्टको गर्व र आफ्नो हैसियतलाई प्रोत्साहन दिन स्यान्टहर्स्ट नगर परिषद् (टाउन काउन्सिल) अरुलाई सहयोग गर्ने छ ।"

शुरुवातका दिनहरुदेखि स्यान्डहर्स्टले आफ्नो सम्मानलाई कायम राख्दै आएको छ र समुदायको जीवन सुरक्षाको लागि सम्पूर्ण सिमा पार गरेको छ ।

संलग्न PDF हेर्नुहोस्

- संचारमा गर्व (Pride in Communication)
- उपलब्धीहरुमा गर्व (Pride in Achievements)
- हाम्रो हरिया स्थानहरुमा गर्व (Pride in our Green Spaces)
- हाम्रो क्लब/संगठन र व्यक्तिरुमा गर्व (Pride in our Clubs/Organisations and individuals)
- पूर्नप्रक्रियामा शान (Pride in Recycling)
- समुदाय सुरक्षामा शान (Pride in Community Safety)
- सामाजिक विरोधी व्यवहारको प्रतिस्पर्धा गर्नमा गर्व  (Pride in combating Anti-social behaviour)
- समुदायका नेताहरुको रुपमा गर्व (Pride as Community Leaders)
- समुदायिक स्वास्थ्य र समृद्धिमा गर्व (Pride in Community Health & Well-being)
- साझेदारीता गर्व (Pride in Partnerships)
- शिक्षामा गर्व (Pride in Education)
- समुदाय प्रदाताको रुपमा गर्व (Pride as Community Provider)
- एक पिँढीबाट अर्को पिँढीले पाउने वस्तुमा गर्व (Pride in Heritage)
- सुविधाहरु गर्व (Pride in Facilities)
- हाम्रो समुदायमा गर्व (Pride in our Community)
- समुदायको गतिविधिमा गर्व (Pride in Community Events)
- शिल्पविज्ञान प्रविधिमा गर्व (Pride in Technology)
- समानता र विविधतामा गर्व (Pride in Equality & Diversity)

स्यान्डहर्स्ट नगर परिषद (स्यान्डहर्स्ट टाउन काउन्सिल) **यल जी य** (LGA) का गर्व साझेदार सदस्य हो ।

## स्यान्डहर्स्ट किन यति विशेष छ ? Why is Sandhurst so special?

२२,००० जनसंख्या सहित स्यान्डहर्स्ट आफ्नो भौगोलिक सीमा शरे, हैम्पसाएर, वर्कशाएरसँग जोडिएको छ ।

- जसको फलस्वरुप नगर परिषदले वर्कसायर भित्र रहेको साथीहरुसँग मात्र नभई आफ्ना छिमेकीसँग पनि मजबुत र सुमधुर सम्बन्ध बिस्तार गरेको छ ।
- स्यान्डहर्स्ट नगर परिषदमा संचार र साझेदारीमा दृढ विश्वास गर्दै आएको छ । स्यान्हर्स्ट भित्र पाँच संघहरु छन् र नगर परिषदले सूचना तथा प्रक्रिया प्राप्त गर्न त्रैमासिक बैठक पनि गर्दै आएको छ ।
- नगर परिषदले सूचनाको प्रवाह गर्नको लागि प्रत्येक वर्ष हरेक घरमा चारवटा सूचना-पत्र (न्यूजलेटर) उत्पादन गरी वितरण गर्दै आएको छ । त्यसैगरी यो वेवसाइट www.sandhurst.gov.uk ले नयाँ तथा प्रभावकारी सूचनाहरु प्रदान गर्दछ ।
- स्यान्डहर्स्ट नगर परिषदको एकात्मक प्रविधिकरण (ब्राक्नेल फोरेष्ट काउनसिल) Bracknell Forest Council सँग एक मजबुत साझेदारी छ । यस्तो साझेदारीको प्रदर्शन पर्यावरण लेजर (leisure) र योजनाको क्षेत्रमा विभिन्न अवसरहरुमा प्रयोग गरिएका छन् । स्यान्डहर्स्ट सफाई टिम जुन बरोह काउनसिलका सडक सरसफाई र रिसाइकिलिङ्ग कार्यक्रमहरुमा संलग्न भई सहकार्य गर्दै आइरहेका छन्, उदाहरणको रुपमा समावेश गरिन सकिन्छ ।
- बरोह (Borough) सँगको सम्बन्ध एक अधिकारी विनियम पायलट परियोजनाद्वारा (pilot project) सुद्बृढ गरिएको हो, जब १९९६ मा नगर परिषदका कार्यकारी अधिकृत -क्रिष स्मिथ Chris smith ले नौ महिनाका लागि बरोहमा (Borough) प्रशासकसँग जिल्लाबाट इकाइमा जागिर परिर्वतन गरे,
- परिषदहरुमध्ये नगर परिषद पहिलो एक परिषद हो जसले नागरीकलाई समेटेर निती-निर्माण गरी प्रहरी केन्द्रसँग साझेदारी तय गरी स्थानीय स्वंयसवेकहरुलाई परिचालन गर्न सफल रह्यो । संवाद र सहकार्यलाई नजिकैबाट पहिचान गरी सामाजिक व्यवहार र समस्याको हल गर्न स्यान्डहर्स्टको निती निर्माणभित्र पर्दछ । स्यान्डहर्स्ट नगर परिषद छिमेकी मञ्च र छिमेकी कार्य समूहको दरिलो समर्थक पनि हो । टाउन परिषदको कार्यकारी अधिकारी ब्राक्नेल वन स्थानीय क्षेत्रको निती निर्माण र वडाका उपाध्यक्ष पनि हुनुहुन्छ ।
- नगर परिषदको मातहतमा रहेको लगभग ६५ एकड acres जमिनको अधिक्तम् भागमा स्यान्डहर्स्ट स्मारक पार्क रहेको छ । यी वर्षहरुमा समुदायको आवश्यकताहरुलाई ध्यान केन्द्रित गर्दै पार्कलाई "जनताको सम्पत्तिको रुपमा विकसित गरिएको छ । यो पार्क ३० वटा समूहहरु र संगठनहरुको लागि सामूहिक घर हो र यहाँ आफ्नो सुविधाहरुका लागि सातवटा फुटबल पीच, एक क्रिकेट ग्राऊन्ड र मंडव, निर्माण गरिएको छ । यो स्यान्डहर्स्ट टाउन फुटबल क्लबको घर हो, जहाँ एक एस एस एस आई SSSI क्षेत्र पिक्निक क्षेत्रहरुमा, खेल को मैदान र एक सार्वजनिक सीसीटिभी CCTV प्रणाली पनि जडान गरिएको छ । यो एक सामुदायिक हल, एक दिवस केन्द्र, एक लाइसेन्स स्पोर्टर्स क्लब हो जहाँ सूचनाका लागि केन्द्रविन्दुको रुपमा टाउन परिषद कार्यालय पनि रहेको छ । हालसालै गरिएको नमूना सर्वेक्षणमा १५०,००० आगन्तुक आवगमन भएको अनुमान गरिएको छ ।
- यस क्षेत्रमा (**डन्क्-इ डरकी**) Donkey Derby फुटबल, क्रिकेट, टेनिस, रसी तान्ने प्रतियोगिता सहित धेरै अरु प्रतियोगिताहरु आयोजना गरिएका छन् ।
- सात वर्षको लागि, स्मारक पार्क प्रतिविप्त ग्रीन फल्याग पुरस्कारबाट सम्मानित भएको थियो । शेफर्ड मीडोज क्षेत्र पनि आफ्ना मातहतमा राखेको ब्राक्नेल वन बरोह परिषदले देशको पहिलो पटक एक साझेदारी साइटको लागि झण्डा प्राप्त गरेका थिए ।
- यो साइट वा क्षेत्रको बिबि ओ डब्लू टि BBOWT, थेम्स वाटर, रेलट्र्याक, पर्यावरण एजेन्सी, वन आयोजक, अंग्रेजी प्रकृति, थेम्स उपत्यकाका पुलिस लगायतकाहरु धेरै समुदाय र "साथी" समूहहरुसँग साझेदारीको लागि विश्वासनीय छ । स्यान्डहर्स्ट नगर परिषदको बल्याक वाटर उपत्यका ग्रामीण क्षेत्र साझेदारी व्यवस्थापन समितिमा पनि आफ्नो स्थान छ ।
- व्लसमूर सार्वजनिक park लाई पनि नगर परिषदले प्रशासन गर्दै आएको छ । समूहका साझेदार र निवासीहरुसँग सहकार्य गर्दै, यहाँको ५ एकड arces क्षेत्र, स्थानीय आवश्यकताहरुको लागि विकसित गरिएको हो ।
- नगर परिषदमा निर्वाचित प्रतिनिधित्व १००% रहेको छ र स्थानीय लोकतन्त्रमा दृढ विश्वास छ । परामर्श र अभ्यास लगातार गरिन्छ तर त्यहाँका सदस्यहरुले आफ्नो नेतृत्वको भूमिका जिम्मेवार आमाबाबु, जिम्मेवारी ढंङ्गले कुकुर पालन तथा स्वामित्व, सुरक्षित पार्कसम्मको पहुँच र समग्रमा स्यान्डहर्स्टको गर्वसँग सम्बन्धित विषयहरुबाट बुझिछन्
- स्यान्डहर्स्ट नगर परिषद (स्यान्डहर्स्ट टाउन काउन्सिल) **यल जी य** (LGA) का गर्व साझेदार सदस्य हो ।

- भविष्यको लागि स्यान्डहर्स्ट फोरम स्यान्डहर्स्टको लागि सानो , मध्यम र लामो अवधिको विशेष योजना हो । यो योजनाको सदस्यता लचिलो छ तर यो समुदायले स्कूल, युवा, वृद्ध, व्यवसायीहरु र अन्य विभिन्न क्षेत्रहरुबाट बनेको छ । फलस्वरुप, फोरम स्यान्डहर्स्टले एउटा टाऊनको लागि योजना निर्माण गरेको छ, जसले अहिले निर्णय प्रक्रिया बनाउन सहयोगी भूमिका खेलि रहेको छ ।
- स्यान्डहर्स्ट नगर परिषदले सक्रिय रुपमा निवासीको लागि साझेदारीलाई प्रोत्साहन गर्छ । परिषदलाई परामर्श र सहभागिता बीचको भिन्नता हुन्छ । परिषदले स्थानीय समूहहरुलाई वार्षिक अनुदान योजना गरेर सहयोग गर्छ र समुदायका लागि असाधारण--वैच्छिक सेवा दिने व्यक्ति वा समूहको पहिचान गरी समुदायलाई पुरस्कारहरु पनि प्रदान गर्दछ ।

## Why is Sandhurst so special?

## स्यान्डहर्स्ट किन यति विशेष छ ?

किनकी यो (RMSA) शाही सैन्य एकेडेमी स्यान्डहर्स्टको पनि घर हो । सैन्य प्रशिक्षणमा एक विश्व प्रख्यात्तको रुपमा, स्यान्डहर्स्टका निवासीहरु आफ्नो सीमाभित्र एकेडेमी हुनुमा गर्व गर्दछन् । १९९७ मा बरोहलाई Borough ऐकेडेमीको लागि स्वतन्त्रताको दिन, स्यान्डहर्स्ट नगर परिषदले निकै महत्वपूर्ण भूमिका निभाएको थियो । जुन समयमा १००० कैन्डीडेटहरु candidate सडक हुँदै स्मारक पार्कसम्म मार्च गरेका थिए । जहाँ समारोह कार्यक्रम भएको थियो । यो साँच्चिकै एक शानदार क्षण हो, जुन क्षणले शहरमा रहेको समुदायको एकता र भात्तृत्वलाई स्पष्ट देखाउछ ।

- २००६ मा शाही सैन्य एकेडेमीले टाउनभित्र परेड गर्न पाउने अधिकारको प्रयोग गरे । समुदाय दिवसका दिन, स्यान्डहर्स्ट स्मारक पार्कमा स्यान्डहर्स्टका मेंयरले (Mayor) सलामी ग्रहन गरेका थिए। १५,००० भन्दा बढी मानिसको जमघट रहेको उक्त कार्यक्रममा स्यान्डहर्स्ट क्रिकेट क्लब र आर यम ए RMA यस बीच स्यान्डहर्स्ट क्रिकेट खेल पनि खेलाइएको थियो । रमाइलो आतिसबाजीको (fireworks) प्रदर्शनीसँगै उक्त दिनको कार्यक्रम समापन गरिएको थियो ।

- स्यान्डहर्स्ट नगर परिषद एक गुणात्मक परिषद हो ।

- स्थानीय सरकारी एसोसिएशन association एल जि ए LGA को साझेदार सदस्यको रुपमा टाऊन परिषदमध्ये स्यान्डहर्स्ट परिषद एक मात्र रहेको छ ।

- स्यान्डहर्स्ट नगर परिषद स्थानीय सरकारको प्रतिष्थित अभियानको समर्थक हो ।

- समुदायको सेवाप्रति समर्पित सदस्य तथा कर्मचारीहरु स्यान्डहर्स्ट नगर परिषद भित्र छन् । आफ्नो पेशा र ग्राहकलाई केन्द्रित दृष्टिकोणका साथ, परिषदले आफ्नो चाहनाको प्रदर्शन र केही मामिलामा गुणात्मक पुरस्कारको मापदण्ड भन्दा पनि अधिक प्राप्त गरेको छ । “गरौं सबै भन्दा उत्कृष्ट हुनको लागि” "To be the best that we can be" दर्शनलाई आत्मासाथ गर्दै हामी हाम्रो स्थितिमा सुधार र सेवाको स्तरमा विस्तार गर्नेछौं र हामी भन्ने गर्छौं, “स्यान्डहर्स्ट वास्तवमा एक विशेष स्थान हो ।”

- स्यान्डहर्स्टमा के छ, थप जानकारीको लागि www.sandhurstpride.co.uk मा जानुहोला

- स्यान्डहर्स्टमा रहेका अन्य पार्कहरु बारेमा जानकारी पाउनको लागि स्यान्डहर्स्ट अलायन्स् मा क्लिक गर्नुहोस् ।

**“SANDHURST as a RESPECT, RESPONSIBILITY and RIGHTS, Community”.**

सदभाव, जिम्मेवारी र अधिकार, समुदायको रुपमा स्यान्डहर्स्ट सहभागी
*साझेदार : स्यान्डहर्स्ट समुदाय महत्वपूर्ण जानकारीको लागि सम्पर्क गर्नुहोस् :*

क्रिस्टोफर रिमथ-कार्यकारी अधिकृत,
स्यान्डहर्स्ट नगर परिषद
फोन नं. : ०१२५२८७९०००
इमेल : chrissmith@sandhurst.gov. uk

**सद्भाव, जिम्मेवारी र अधिकार, समुदायको रुपमा - स्यान्डहर्स्ट पृष्ठभूमि :**

१९ मे २००९ मा वार्षिक ब्राक्नेल बन अपराध र विकार साझेदारी, सामाजिक विरोधी व्यवहार समुदाय सुरक्षा (Anti-Social Behaviour Community Safety) सम्मेलनमा, प्रभावकारी चिकित्सकहरुको एक टोलीले बरोहको वस्तुस्थिति, काम र सफलताको बारेमा जानकारी लिन मंच्च गठन गरेका थिए । (Panelists) प्यानालिस्टहरुको बीच थेम्स भ्याली पुलिस, युवा श्रमिक र युवा एजेन्सिज, अपराध न्यूनीकरणका लागि साझेदार पनि रहेका छन् ।

- यो एउटा विश्वास हो कि हामीले वर्षको सुरुवातमा UNICEF युनिसेफको स्कूलहरुको अधिकारको विषयमा आयोजित कार्यक्रममा देखेका छौं ।
  सम्मान, जिम्मेवारी र योजना जस्ता विषयहरुलाई मंचको आवश्यकता छ र व्यापक समुदाय सिद्धान्तलाई मूर्त रुप दिन अवसरको आवश्यकता पर्दछ ।
- “समुदायका साझेदार समूहको हौशलाले पुनः समुदायको मूल्य र मान्यतालाई आत्मसाथ गर्ने, मार्ग पहिचान गर्ने र सामाजिक विरोधी व्यवहारहरुसँग प्रतिष्प्रर्धा गर्न पुरक सावित हुन्छ,” यो स्यान्डहर्स्टको सोच हो ।
- प्रगति विवरण, सार्वजनिक बैठक २००९ , चौध क्रियाकलपा अंक कार्यक्रम, आर आर आर RRR समूहको स्थापना र संचालन, लोगो प्रतियोगिता, पूर्ण परिषद साथ सँगै अगाडि बढ्छ ।

**Sustainability:** स्थिरता :

स्यान्डहर्स्ट नगर परिषदकको विवरण र स्थिरताको लागि एउटा ट्रयाक रेकर्ड छ । स्यान्डहर्स्ट गर्वले आफ्नो १०औं वर्ष उत्शव २०१० मा मनाएको थियो र आर आर आर RRR जसले सहभागिता र सद्भाव जित्न सफल भइसकेको छ, बैठकमा पनि उपस्थिति जनाउँछ ।

अन्य समर्थकहरुमा थेम्स भ्याली पुलिस, रोयल बर्कसायर दमकल सेवा, ब्राक्नेल बन परिषद, शाही सैन्य एकेडेमी स्यान्डहर्स्ट, स्यान्डहर्स्टका पाँचवटा निवासी संघ, स्यान्डहर्स्टका पाँचवटा चर्चहरु रहेका छन् । स्यान्डहर्स्ट गर्वको छाताभित्र निहित रहेर अधिकारको संयोजनको रुपमा, सम्मान र जिम्मेवारी ढङ्गले यो परियोजनाको दीर्घायुलाई सुनिश्चित गर्दछ ।

स्यान्डहर्स्टको काम र गतिविधिको बारेमा थप जानकारीको लागि

www.sandhurst.gov. uk

www.sandhurstpride.co.uk

## (History Of Sandhurst) स्यान्डहर्स्टको छाटो इतिहास

- स्यान्डहर्स्ट हैम्पशयर र सरेको सीमा नजिक बर्कसायकको रोयल काउटीको दक्षिण पूर्वमा बल्याकवाटर नदीमा रहेको छ। यो ७,५०० घरहरु र २२,००० रहेको छ, जुन चार वार्ड छ, सेट्रल स्यान्डहर्स्ट Central Sandhurst, लिटिल स्यान्हस्टै little Sandhurst, कलेज टाउन College town र व्लस्मूर Owlsmoor मा विभाजित छ।
  लगभग सात मिल दुरीको उत्तरमा रहेको ब्राक्नेल बन परिषद, ब्रक्नेल शहरको यो भाग हो।
- स्यान्डहर्स्ट सबैभन्दा पुराना रेकर्डहरुमध्ये एक हो १३१६ को Sonning Hundreds सोङ्गि हन्ड्रेट जुन सेल्सबरीको विसपको निजी ईलाका पर्दथ्यो। १३५४ मा, त्यहाँ एक manor मनोरको रेकर्ड पनि छ तर कुनै ठूला घरको अस्तित्व थिएन मात्र साना घरहरु थिए। जहाँ अहिले शाही सैन्य एकेडेमी एउटामा र अर्कोमा स्यान्डर्स्ट लजको क्षेत्र रहेका छ र अहिले दुवै भवनको केही पनि भग्नावशेष छैन। कलेज टाउन र मध्ये स्यान्डहर्स्टको बीचमा रहेको क्षेत्रको भाग Sir William Sandy, सर विलियम सैन्डी प्रमुख चांसलरद्वारा १५२६ देखि १५४० सम्म र Henry VIII हेनरी आठको स्वामित्वमा थियो। स्यान्डहर्स्ट एक सानो कृषक समुदाय थियो। Windsor forest विन्डंजर बन र बनको कानूनी विषयको भागको रुपमा स्थानीय बासिन्दाहरुलाई घाँस र दाउरा लिन, खेतीपाती गर्न, जंगली हरिणलाई खुवाउन जस्ता सुविधा दिइएको थियो।

  त्यसैगरी स्थानीय बासिन्दाले अनुमति दिइएको भन्दा बढी क्षेत्रफल प्रयोग गरेका कारण विवाद पनि उत्पन्न भएको थियो।

- ग्रामिण जीवनमा खेती किसानी एक प्रमुख भागको रुपमा रहीरह्यो। स्यान्डहर्स्ट फार्म Sandhurst Farm , स्नयाप रेल्स् Snaprails , गुफा फारम, अमब्यारो फारम Ambarrow Farm, कलेज फार्म College farm , रेक्टोरी फारम Rectory farm, बिच फारम Beech farm र रेकस्ट्र फारम Rackstraws Farm खेतीका यी नामहरु अझै पनि आवास सम्पदा सडक र रेष्टुरेन्टका नामबाट याद गरिन्छन्।
- सन् १८०० मासूस्त तरिकाले परिवर्तन हुदै अघि बढ्दै थियो, जब सन् १८१२ मा ठूला जमिनका हिस्सा शाही सैन्य एकेडेमी को निर्माणका लागि बेचिए। सन् १८४९ रेलवेको शुरुवात भयो, त्यसै गरी सन् १८५६ वेलिंग्टन कलेजको निर्माण भयो। सँगैसँगै सन् १८६३ मा ब्रोडमूर शरणस्थान अहिलेको Broadmoor Hospital, र ठूला-ठूला भवनहरु स्थापना भएका थिए, स्यान्डहर्स्ट लज सन् १८५८ मा रोवर्ट गिब्सनद्वारा बनाइएको थियो। टाइम पत्रिकाका संस्थापक जोन बाल्टर, महारानी भिक्टोरिया र वेलिङ्गटनका ड्युकलाई पछि दिइएको थियो। त्यसैगरी अरु भवनहरुमा हार्टस् लीप, फरेष्ट एण्ड, स्यन्ट हेलेनस्, द व्यरेन, लङ्ग डाउन लज, रेफिल्ड, इसन्यापरेल्स् र एमब्यारो कोंट रहेका छन्। पेरी हिल र चेर्डस्लाई पछि समावेशेसी गरिएको हो। अहिले केही भवनको मात्र अस्तित्व छ। बाँकी सबै ध्वस्त भइसकेका छन्, बनाइएका छन् र जमिनको विकास गरिएका छन्।

स्थानीय जनसंख्या रेलवेको आगमन, कलेज, संस्थान र ठूला भवनसँगै विस्तार भएको थियो। कर्मचारी र कार्यकर्ताको प्रशस्त भवनहरुको आवश्यकता थियो, बालबालिकाहरुको लागि स्कूल र अधिक चर्चहरु पनि निर्माण गएिका थिए।

१३ औं शताबदीको सन् १८५३ देखि पेरिश चर्चको क्षेत्रमा सेंन्ट माइकल पेरिश चर्चको वर्तमान समयसम्म निर्माण गरिएको थियो। बैपटिस्ट चर्च सन् १८८४ मा बनाइएको थियो भने वेसल्यान्ड मेथोडिस्ट सन् १९०६ मा बनाइएको थियो। कैथोलिक चर्च चै सन् १९६० मा पूरा गरिएको थियो र सेंन्ट जोर्ज व्लस्मूर सन् १९९३ मा पूरा गरिएको थियो।

अहिले स्यान्डहर्स्टमा नौ वटा सार्वजनिक घरहरु छन्, जसमध्ये सबैभन्दा पुरानो द रोज यन्ड काउन हो जुन, कुनै बेला, सिमोन्ड हाउस थियो। सिमोन्ड परिवारको नाउँमा केही जमिन थियो र रक्सीको भट्टी पनि आफ्नो स्वामित्वमा थियो।

आर यम ए RMA लगायत र संसारको विभिन्न भागमा रहेका ब्रिटश सेनाका लागि बियर र रक्सीको आपूर्ति गर्थे।

सन् १८६२ मा सेन्ट माईकल चर्च इग्लैड स्कूलको शुभारम्भ भएको थियो। त्यसपछि अरु स्कूलहरुको शुरुवात भयो, सन् १८७१ मा चै पुरानो (वल्ड स्कोटल्यान्ड् हिल) Old Scotland Hill को, सन् १९०६ मा मेथोडिस्ट Methodist र सन् १९६२ र सन् १९७४ मा थपिएका थिए। सन् १९६९ सम्म माध्यमिक विद्यार्थीहरु केम्बरली र ब्राक्नेल मा अध्ययनका लागि राखिन्थ्यो, जब स्यान्डहर्स्ट व्यापकरुपमा निर्माण गरियो। व्लस्मूर रोडमा owlsmoor Road रहेको छ, जुन अहिले स्यान्डहर्स्ट स्कूलको नामले परिचित छ।

पचाँस देखि अस्सीको दशकसम्म स्यान्डहर्स्टमा ठूला भवनहरु निर्माण गरिएको थियो जुन हामी आज देख्दछौं। शानदार नगरमा प्रशस्त क्लब, समूह, समाज, प्रसिद्ध शानदार पुस्तकालय, केन्द्र र स्मारक पार्कमा खेल्नका लागि विशाल क्षेत्रफल पनि तोकिएका छन्। हाम्रो परिषद्को कार्यकाल र समुदाय केन्द्र पनि स्मारक पार्कभित्र रहेका छन्।

भाषा अनुवादक: सरोज गुरुङ्ग
Translator: Saroj Gurung